(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन लागू हुँदाका बखत प्रचलित कानुनले स्थायी नियुक्ति गर्न सकिने पदमा अस्थायी, करार तथा ज्यालादारीमा अविच्छिन्न कार्यरत कर्मचारीलाई गाउँ कार्यपालिकाको निर्णयबाट विषेश व्यवस्था गरी स्थायी गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम पदपूर्तिका लागि लिईने परिक्षा तथा अन्य कार्यविधि कार्यपालिकाको निर्णयबाट गठित पदपूर्ति समितिले तोके बमोजिम हुनेछ।

(४) गाउँपालिकामा रिक्त रहेका पद दुई वर्ष भित्र स्थायी पूर्ति हुन नसकेमा सो पद स्वतः खारेज हुनेछ। तर उक्त दरबन्दीमा करार तथा ज्यालादारी कर्मचारी कार्यरत रहेको अवस्थामा सो पद खारेज हुने छैन।

**१८. विज्ञापन प्रकाशित गर्ने तरिका :**

(१) दफा १७ बमोजिम पदपूर्तिका लागि विज्ञापन प्रकाशित गर्दा कम्तिमा पन्ध्र दिनको म्याद तोकी स्थानीय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गरी दरखास्त आव्हान गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन गर्दा उक्त सूचनामा देहायको कुराहरु स्पष्ट रुपमा उल्लेख गरेको हुनुपर्नेछ :-

(क) पदपूर्ति गर्नुपर्ने पदको सङ्ख्या , सेवा र तह,

(ख) आवश्यक न्यूनतम योग्यता र अनुभव,

(ग) कामको प्रकृति तथा समय, (घ) परीक्षाको किसिम र परीक्षा हुने मिति,

(ङ) उम्मेद्वारको नागरिकता र उमेरको हद,

(च) दरखास्त र दरखास्त फाराम पाइने स्थान,

(छ) दरखास्त दिने अन्तिम मिति र स्थान,

(ज) यो ऐन प्रारम्भ हुनु अघि देखि गाउँपालिका सेवामा कार्यरत (अस्थायी, करार तथा ज्यालादारी समेत) कर्मचारीहरुलाई दिइने ग्राह्यता,

(झ) स्थानीयलाई दिइने ग्राह्यता,

(ञ) पदपूर्तिसँग सम्बन्धित अन्य आवश्यक कुराहरु।

(३) विज्ञापन गरिने पदको लागि उम्मेद्वारको दरखास्त फाराम तोकिए बमोजिम हुनेछ।

राजकुमार यादव
गा.पा. अध्यक्ष

(ख) यस दफा बमोजिमको स्तर वृद्धिमा समावेश हुन नसकेका कर्मचारीहरुको मनोबल उच्च बनाउनको लागि प्रचलित स्केल बमोजिमको दुई ग्रेड तलब वृद्धि गरिने छ ।

(२) यो ऐन प्रारम्भ भएपछि यस दफा बमोजिमको बढुवाको प्रक्रिया अघि बढाउनु प्रमुख प्रशासकीय अधिकृत र बढुवा समितिको जिम्मेवारी हुनेछ ।

(३) सेवा अवधिको गणना यस दफा बमोजिम बढुवाको लागि आवेदन माग गरी प्रकाशित सूचना बमोजिम दरखास्त पेश गर्ने अन्तिम दिन सम्मलाई मानिने छ ।

(४) यस दफा बमोजिम हुने स्तर वृद्धिका लागि आवेदन फाराम भरी दर्ता गराउनका लागि सात दिनको म्याद दिई गाउँ कार्यपालिकाको कार्यालयमा सूचना प्रकाशन गरिनेछ ।

(५) यस दफा बमोजिम हुने स्तरवृद्धिका लागि आवेदन दस्तुर बढुवा समितिले तोके बमोजिम हुनेछ ।

(६) यो ऐन बमोजिम गाउँ कार्यपालिकाले एक स्तर, तह वृद्धि गरी तह मिलान गरी सकेपछि पुन अर्को पटक स्तरवृद्धि गरी तह मिलान हुने छैन ।

(७) उपदफा (१) बमोजिमको योग्यता भएका स्थायी कर्मचारीहरुको स्तरवृद्धि गरी तह मिलान गर्दा हाल कार्यरत रहेको स्तर र तह स्वतः खारेज भई स्तरवृद्धि भएको स्तर र तह स्वतः सृजना हुनेछ ।

(८) उपदफा (१) बमोजिम एक तह तथा स्तरवृद्धि गरी मिलान गर्ने कार्य कर्मचारी सेवाको पदहरुमा बढुवाको लागि सिफारिस गर्न गठित दफा ३३ बमोजिमको वढुवा समितिको सिफारिसमा कार्यपालिकाले गर्नेछ ।

## परिच्छेद – ५

## बढुवा सम्बन्धी

**३३. बढुवा समिति :** कर्मचारी सेवाको पदहरुमा बढुवाको लागि सिफारिस गर्न देहाय बमोजिमको बढुवा समिति रहनेछ :-

(क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(ख) गाउँ कार्यपालिकाले तोकेको सोनमा गाउँपालिकाको अधिकृत - सदस्य

(ग) प्रशासन, योजना तथा अनुगमन शाखाको अधिकृत -सदस्य सचिव

३४. **बढुवा** : गाउँपालिकाको सेवा भित्रको पदमा कार्यरत स्थानीय तहका कर्मचारीहरुको प्रदेश लोक सेवा आयोग तथा अन्य प्रचलित कानुनको विपरीत नहुने गरी बढुवा समितिको सिफारिसमा गाउँ कार्यपालिकाद्वारा बढुवा गरिनेछ ।

३५. **बढुवाको निमित्त सम्भाव्य उम्मेद्धवार** : कार्यक्षमताको मूल्याङ्कनको आधारमा हुने बढुवाको निमित्त सम्भाव्य उम्मेद्धवार हुनको लागि देहायको स्थायी सेवा अवधि पुगेको हुनु पर्नेछ :-

(क) अधिकृत स्तरको पदको हकमा जुन पदको निमित्त उम्मेद्धवार हुने हो सो भन्दा एक तह मुनिको पदमा कम्तिमा पाँच वर्ष सेवा अवधि पूरा गरेको हुनु पर्नेछ ।

(ख) सहायक स्तर पाँचौ तहबाट अधिकृत स्तर छैठौं तहमा उम्मेद्धवार हुन एक तह मुनिको पदमा चार वर्ष सेवा अवधि पूरा गरेको हुनु पर्नेछ ।

(ग) सहायक स्तर चौथो तहबाट सहायक स्तर पाचौं तहमा उम्मेद्धवार हुन एक तह मुनिको पदमा ३ वर्ष सेवा अवधि पूरा गरेको हुनु पर्नेछ ।

(घ) सहायक स्तर पहिलो वा तेश्रो तहबाट सहायकस्तर चौंथो तहको पदमा उम्मेद्धवार हुन ३ वर्ष सेवा अवधि पूरा भएको हुनु पर्नेछ ।

३६. **बढुवाको निमित्त शैक्षिक योग्यता** : कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा गर्दा जुन पदको लागि उम्मेद्धवार हुने हो सो पदमा खुल्ला प्रतियोगिताका लागि चाहिने न्यूनतम शैक्षिक योग्यता भन्दा कम्तिमा एक तह मुनिको शैक्षिक योग्यता भएकोहुन पर्नेछ ।

**स्पष्टिकरण** : यस दफाको प्रयोजनको लागि बढुवाद्वारा पदपूर्ति गर्न शैक्षिक योग्यता निर्धारण गर्दा प्रदेश लोक सेवा आयोगवाट अन्यथा तोकिएमा बाहेक अधिकृत स्तर आठौं तह वा सो भन्दा माथिको पदका लागि स्नातकोत्तर तह वा सो सरह उतिर्ण गरेको, अधिकृत स्तर सातौ तहको लागि स्नातक वा सो सरह उतिर्ण गरेको, अधिकृत स्तर छैठौं तहको पदमा बढुवा गर्दा कम्तिमा प्रमाण पत्र तह वा सो सरह उतीर्ण गरेको र पाँचौ तहमा बढुवा गर्दा कम्तिमा एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको, चौथो तहमा बढुवा गर्दा कम्तिमा एस.ई.ई. उत्तीर्ण गरेकोहुनु पर्नेछ ।

३७. **बढुवाको आधार** : (१) गाउँपालिकाको कर्मचारीको कार्यक्षमता मूल्याङ्कन गर्दा देहाय बमोजिमको बढीमा एकसय अङ्क दिईने छ :-

(क) कार्यसम्पादन मूल्याङ्कन बापत — ५०

(ख) जेष्ठता.बापत — ३५

(ग) शैक्षिक योग्यता बापत — १०

राजकुमार यादव
गा.पा. अध्यक्ष

(ख) प्रहरी हवल्दार

(ग) प्रहरी जवान

**१३९. सुरु नियुक्ति तथा बढुवा हुने पद :** गाउँपालिकाको प्रहरी सेवामा प्रहरी जवान पदको पदपूर्ति खुल्ला, प्रहरी हवल्दार वढुवा र प्रहरी सहायक निरीक्षक खुल्ला र वढुवा प्रक्रियाद्वारा गरिनेछ ।

**१४०. नियुक्ति गर्ने अधिकारी :** गाउँपालिकाको प्रहरी सेवाको जुनसुकै पदको नियुक्ति प्रदेश लोक सेवा आयोगको सिफारिसमा प्रमुख प्रशासकीय अधिककृतले गर्नेछ ।

**१४१. पदपूर्ति गर्ने तरिका :** रिक्त रहेको प्रहरी सहायक निरीक्षकको पदमा चालिस प्रतिशत पद खुल्ला प्रतियोगिताद्वारा र साठी प्रतिशत् पद बढुवाद्वारा पूर्ति गरिनेछ ।

**१४२. छनौटका आधार :** प्रहरी सहायक निरीक्षक पदमा नियुक्तिको लागि देहाय बमोजिमको आधारमा छनौट गरिनेछ :-

(क) शैक्षिक योग्यता,

(ख) बौद्धिक क्षमता,

(ग) शारीरिक तन्दुरुस्ती,

(घ) आचरण,

(ङ) उमेर,

(च) व्यक्तित्व ।

**१४३. प्रहरी सहायक निरीक्षक पदमा भर्ना :** प्रहरी सहायक निरीक्षक पदको लागि हुने खुल्ला प्रतियोगितामा निम्न बमोजिमका योग्यता भएका व्यक्तिहरुले भागलिन सक्नेछन्:

(क) छनौट हुने सालको बैशाख १ गते वीस वर्ष पुगेको र वाईस वर्ष ननाघेको,

(ख) प्रहरी सेवावाट निवृत खुल्ला प्रतियोगितामा भाग लिने कर्मचारीका हकमा चालिस वर्ष ननाघेको,

(ग) कुनै स्वीकृत बिद्यालयबाट घटीमा वाह्र कक्षा वा सो सरह उतीर्ण गरेको,

(घ) कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

(ङ) राजनीतिमा भाग नलिएको,

(१) खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्दा सम्बन्धित उम्मेद्ववारलाई प्रदेश लोक सेवा अयोगले तोके बमोजिमका विषयमा लिखित परिक्षा लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लिइने परीक्षाको पाठ्यक्रम निर्धारण र परीक्षा सञ्चालन सम्बन्धी सम्पूर्ण प्रक्रिया प्रदेश लोक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ र निर्धारण गरिएको विषयहरुको एकै पटक वा खण्ड-खण्ड गरी परीक्षा सञ्चालन गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिम लिईएको लिखित परीक्षामा उम्मेद्ववारले प्रत्येक विषयमा चालिस प्रतिशत अङ्क प्राप्त गरेको अवस्थामा मात्र निज सो परीक्षामा उत्तीर्ण भएको मानिनेछ ।

(४) उपदफा (३) बमोजिम उत्तीर्ण भएको उम्मेद्ववारलाई प्रदेश लोक सेवा आयोगबाट देहायको विषयहरुमा अन्तरवार्ता लिइनेछ र त्यसको अङ्कभार प्रदेश लोक सेवा आयोगले तोके बमोजिम हुनेछ :-

(क) उम्मेद्ववारको मौखिक अभिव्यक्ति,

(ख) उम्मेद्ववारको तर्कशक्ति,

(ग) उम्मेद्ववारको प्रतिकूल परिस्थितिमा विचलित नभै काम गर्न सक्ने क्षमता ।

**१४६. योग्यताक्रम सूची तयार गर्ने :**

(१) उम्मेद्ववारहरुको परीक्षा र अन्तरवार्ता समेतबाट योग्यताक्रम सूची तयार गरी प्रदेश लोक सेवा आयोगले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि सिफारीस गर्नेछ । कूल रिक्त पदको बढीमा पन्ध प्रतिशतसम्म योग्यताक्रम अनुसार बैकल्पिक उम्मेद्ववार राखिनेछ ।

(२) उपदफा (१) बमोजिम बैकल्पिक उम्मेद्ववारहरुको रुपमा रहेका व्यक्तिहरुलाई आवश्यकता अनुसार प्रदेश लोक सेवा आयोगले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि सिफारीस गर्नेछ ।

(३) बैकल्पिक उम्मेद्ववारले एक वर्षसम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

**१४७. चरित्र बुझ्ने :** प्रहरी सेवामा नयाँ नियुक्ति हुने उम्मेद्ववारको चरित्र सन्तोषजनक देखिएमा मात्र निजलाई प्रहरी सेवामा नियुक्ति गरिनेछ ।

**१४८. सपथ ग्रहण :** प्रहरी नियुक्ति गर्दा सम्बन्धित व्यक्तिलाई तोकिएको ढाँचामा सपथ ग्रहण गराईनेछ ।

राजकुमार यादव
गा.पा. अध्यक्ष

**१४९. परीक्षणकालमा राखिने :** (१) नयाँ नियुक्ति गरिएका प्रहरी कर्मचारीलाई एक वर्षको परीक्षणकालमा राखिनेछ । सो अवधिमा त्यस्तो प्रहरी कर्मचारीले सन्तोषजनक काम गर्न नसकेमा निजलाई पुन एक वर्षको परीक्षणकालमा राख्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम थप भएको परीक्षणकालमा रहेको कुनै प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई हटाउन सकिनेछ ।

**१५०. नियुक्ति सदर गर्ने :** (१) नयाँ नियुक्ति भै परीक्षणकालमा राखिएको प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा सपथ ग्रहण गराएर मात्र निजको नियुक्ति सदर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्ति सदर भएमा परीक्षणकालको अवधिलाई समेत नोकरीको अवधिमा गणना गरिनेछ ।

**१५१. जेष्ठताक्रम कायम गर्ने :** प्रहरी कर्मचारीको जेष्ठताक्रम कायम गर्दा निजहरुले प्राप्त गरेको अङ्कको आधारमा गरिनेछ ।

**१५२. कायम मुकायम :** (१) प्रहरी सहायक निरीक्षकको पद रिक्त भै कार्य सञ्चालन गर्न कठिनाई पर्न गएको अवस्थामा कायम मुकायम मुकरर गरी पदपूर्ति गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम कायम मुकायम मुकरर गर्दा एक तह मुनिका पदमा कार्यरत वरिष्ठतम कर्मचारीलाई गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम वरिष्ठतम कर्मचारीको छनौट निजले प्राप्त गरेको यस ऐन बमोजिम निर्धारित अङ्कका आधारमा गरिनेछ ।

(४) उपदफा (२) मा उल्लेखित पदमा कायम मुकायम मुकरर गर्दा प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

(५) कुनै प्रहरी कर्मचारी जुन पदमा कायम मुकायम मुकरर भएको हो निजले सो पदको दर्ज्यानी चिन्ह र सम्पूर्ण अधिकार प्रयोग गर्न पाउने छ ।

**१५३. बढुवा प्रकृया :** प्रहरी पदको बढुवा प्रकृया तोकिए बमोजिम हुनेछ :

**१५४. बढुवाको लागि अङ्क गणना :** प्रहरी हवल्दारदेखि प्रहरी सहायक निरीक्षकसम्म बढुवा गर्दा कार्य क्षमताको मूल्याङ्कन वापत देहाय बमोजिम अङ्क गणना गरिनेछ :

(क) जेष्ठता : जेष्ठताको अङ्क गणना गर्दा वहाल रहेको पदको प्रत्येक वर्षको लागि दुई अङ्कको दरले अधिकतम तीस अङ्क दिईनेछ ।

राजकुमार यादव
गा.पा. अध्यक्ष

सोनमा गाउँपालिकाको कार्यालय
सोनमा, महोत्तरी
प्रदेश नं. २, नेपाल
२०७३

**१६१. भईसकेको काम कारवाहीमा प्रतिकूल असर नपर्ने :** यो ऐन प्रारम्भ हुनु अघि गरिएका काम कारवाही तथा नियुक्तिहरुमा यस ऐनले प्रतिकुल असर पुऱ्याएको मानिने छैन ।

**१६२. विभेद गर्न नहुने :** यस ऐन बमोजिम नियुक्त कुनै कर्मचारी माथि जाति, धर्म, भाषा, लिङ्गका आधारमा विभेद गर्न, पारिश्रमिक तथा सेवा सुविधा उपभोगमा फरक गर्न पाईने छैन ।

**१६३. सङ्क्रमणकालीन व्यवस्था :** यो ऐन प्रारम्भ हुँदाका बखत सोनमा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत स्थायी, अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरु यसै ऐन अन्तर्गत रहेको मानिनेछ ।

**१६४. सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था :** स्थानीय सेवामा कार्यरत कर्मचारीहरूको सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था यस ऐन र सामाजिक सुरक्षा ऐन बमोजिम हुनेछ ।

**१६५. अधिकार प्रत्यायोजन :** (१) सोनमा गाउँपालिकाले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरू प्रमुख प्रशासकीय अधिकृतले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ । तर ऐन बमोजिम प्राप्त अधिकारहरू यस ऐन बाहेक अन्य ऐनबाट प्रत्यायोजन गर्न सकिने छैन ।

(२) यस ऐन बमोजिम प्रमुख प्रशासकीय अधिकृतलाई प्राप्त अधिकार आफ्नो सामान्य रेखदेखमा रही प्रयोग गर्ने गराउने गरी निजले आफू मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१६६. व्यवस्थापन परीक्षण :** प्रदेश लोक सेवा आयोगको कार्य क्षेत्र भित्रका विषयहरू बाहेक गाउँ कार्यपालिकाको कार्यालयले सोनमा गाउँपालिकामा कार्यरत कर्मचारीले प्रचलित कानुन तथा अन्य प्रशासकीय नियम र कार्यविधिहरू पालन गरे गाउँको सम्बन्धमा सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गरी निर्देशन दिन र त्यसरी सुपरिवेक्षण गर्दा कुनै कर्मचारी उपर विभागीय कारबाही गर्नुपर्ने देखिएमा सो समेत सिफारिस गर्न सक्नेछ र सोको वार्षिक प्रतिवेदन सोनमा गाउँ कार्यपालिका समक्ष पेश गर्नेछ ।

**१६७. नियमावली वनाउन सक्ने :** यो ऐन कार्यान्वयनका लागि गाउँ कार्यपालिकाले आवश्यक नियमावली तथा कार्यविधिहरु वनाई लागू गर्न सक्नेछ ।

**१६८. वाधा अडकाउ फुकाउने :** (१) यस ऐन कार्यान्वयनका क्रममा कुनै वाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाद्वारा निर्णय गरी वाधा अडकाउ फुकाउन सक्नेछ ।

(२) यस ऐनमा लेखिएको विषयमा कुनै अस्पष्टता भएमा प्रचलित कानुन बमोजिम हुनेछ ।

सोनमा गाउँपालिकाको कार्यालय
सोनमा, महोत्तरी
प्रदेश नं. २, नेपाल
२०७३

राजकुमार यादव
गा.पा. अध्यक्ष

